**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ जनवरी २०२६

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि पंजाब अनि राजस्थानको दुई दिवसीय भ्रमणमा जानु हुनेछ।
- प्रधानमंत्री नरेन्द्र मोदीले आज **राष्ट्रमंडल अध्यक्षहरु अनि पीठासीन अधिकारीहरुको** 28 औ. सम्मेलनको शुभारंभ गर्नुहुनेछ।
- जयपुरमा आज 78 औ सेना दिवस परेडको आयोजन हुनेछ।
- पश्चिम बंगालको स्वास्थ्य विभाग अनुसार  निपाह भाइरसबाट संक्रमित दुई जनाको अवस्थामा खासै सुधार आएको छैन।
- ट्रम्प प्रशासनले  ७५ देशका नागरिकका लागि आप्रवासी भिसा प्रक्रियामा अनिश्चितकालका लागि  रोक लगाएको  छ ।
- राजकोटमा भएको दोस्रो एकदिवसीय क्रिकेट म्याचमा न्युजिल्याण्डले भारतलाई सात विकेटले पराजित गरेको छ ।

**राष्ट्रपति-पंजाब, राजस्थान**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि पंजाब अनि राजस्थानको दुई दिवसीय भ्रमणमा जानु हुनेछ। राष्ट्रपति मुर्मु आज अमृतसरमा गुरु नानक देव विश्वविद्यालयको 50 औ वार्षिक दीक्षांत समारोहमा सामेल हुनु हुनेछ।  राष्ट्रपतिले भोली जालंधरमा डॉ. बी. आर. अम्बेडकर राष्ट्रीय प्रौद्योगिकी संस्थानको 21 औ दीक्षांत समारोहमा भाग लिनु हुनेछ। त्यसपछि जयपुरमा रामानंद मिशन द्वारा आयोजित 1008 कुंडिया हनुमान महायज्ञमा पनि सामेल हुनु हुनेछ।

**प्रधानमंत्री सीएसपीओसी**

प्रधानमंत्री नरेन्द्र मोदीले आज **राष्ट्रमंडल अध्यक्षहरु अनि पीठासीन अधिकारीहरुको** 28 औ. सम्मेलनको शुभारंभ गर्नुहुनेछ। लोकसभा अध्यक्ष ओम बिरलाले सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। 42 राष्ट्रमंडल देशहरुको 61 अध्यक्ष अनि पीठासीन अधिकारीहरुले सम्मेलनमा भाग लिनेछन्। यसको साथै चार अर्ध-स्वायत्त संसद पनि सम्मेलनमा उपस्थित रहनेछ। सम्मेलनमा समकालीन संसदीय मुद्दाको एक विस्तृत श्रृंखलामा गहन चर्चा हुनेछ, जसमा मजबूत लोकतांत्रिक संस्थाहरुलाई बनाए राख्नमा अध्यक्षहरु अनि पीठासीन अधिकारिहरुको भूमिका पनि सामेल छ। अन्य विषयहरुमा संसदीय कामकाजमा कृत्रिम बुद्धिमत्ताको उपयोग, सांसदहरुमा सोशल मीडियाको प्रभाव, संसदको सार्वजनिक समझलाई बढ़ाउनका लागि अभिनव रणनीतिहरु अनि मतदान नगरेका नागरिक भागीदारी जस्ता विषय पनि सामेल छ।

अमृत भारत रेलगाड़ि

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ. नयाँ अमृत भारत रेलगाड़िहरु, यात्रिहरुको सुविधा अनि संपर्कलाई सहज बनाउने दिशामा एक महत्वपूर्ण कदम हो। रेल मंत्री अश्विनी वैष्णव द्वारा 9 नयाँ अमृत भारत एक्सप्रेस रेलगाड़िहरु शुरू गर्ने संबंधित सोशल मीडिया पोस्ट साझा गर्दै प्रधानमंत्रीले भन्नुभयो, यसले व्यापार अनि पर्यटनलाई पनि बढ़ावा दिनेछ।

रेल मंत्री अश्विनी वैष्णवले घोषणा गरे अनुसार 9 नयाँ अमृत भारत एक्सप्रेस रेलगाड़िहरु चाडै शुरू गरिनेछ । सोशल मीडिया पोस्टको एक श्रृंखलामा श्री वैष्णवले रेलगाड़िहरुको मार्गको जानकारी पनि साझा गर्नुभयो, जसमा कामाख्या-रोहतक, डिब्रूगढ़-गोमती नगर, न्यू जलपाईगुड़ी-तिरुचिरापल्ली, न्यू जलपाईगुड़ी-नागरकोइल, अलीपुरद्वार-एसएमवीटी बेंगलुरु, अलीपुरद्वार-पनवेल, संतरागाछी-तंबरम, हावड़ा-आनंद विहार टर्मिनल अनि सियालदह-बनारस अमृत भारत एक्सप्रेस सामेल छ ।

**उत्तर प्रदेश - मकर संक्रांति**

उत्तर प्रदेशमा आज मकर संक्रांति पर्व हर्षोल्लाससित मनाइन्दै छ। भीषण शीत लहर अनि अत्याधिक चिसो भए पनि श्रद्धालुहरु मकर संक्रांतिको अवसरमा पवित्र नदिहरुमा स्नान गरिरहेका छन्। हाम्रो संवाददाताको यो रिपोर्ट-

**तमिलनाडु - पोंगल**

बिस्वभरीका तमिल भाषी मानिसहरुले पोंगलको पर्व मनाइ रहेको छ। पोंगलको यस थाई महीनालाई नयाँ शुरुआत जसरी मनाइने गरिन्छ। यो तमिल पंचांगमा वसंत ऋतुको प्रारंभको प्रतीक पनि हो। विवाह, नयाँ व्यवसाय र अन्य आयोजनका लागि यो महीना शुभ मानिन्छ। आज पोंगलको पावन अवसरमा फसल कटाई पछि बचेको अनाजलाई सूर्य देवलाई अर्पित गरिने परंपरा छ। हाम्रो संवाददाताबाट अधिक जानकारी-

**पश्चिम बंगाल - निपाह**

पश्चिम बंगालको स्वास्थ्य विभाग अनुसार  निपाह भाइरसबाट संक्रमित दुई जनाको अवस्थामा खासै सुधार आएको छैन। सतर्कताका लागि सङ्क्रमितको सम्पर्कमा रहेका थप दुई जनालाई निगरानीका लागि बेलेघाटा आइडी अस्पतालमा भर्ना गरिएको छ। बारासातको एक निजी अस्पतालमा अहिले दुई नर्सको उपचार भइरहेको छ।

स्वास्थ्य विभागले  १२१ व्यक्तिहरूलाई पहिचान गरेको छ जसलाई उच्च जोखिम वा कम जोखिम सम्पर्कको रूपमा वर्गीकृत गरिएको छ। राज्य सरकारले स्थितिलाई नजिकबाट नियालिरहेको छ र व्यापक नियन्त्रणका उपायहरू लागू गरेको छ, जबकि एक केन्द्रीय विशेषज्ञ टोली पनि सहयोग प्रदान गर्न स्थलमा छ।

**जयपुर - सेना दिवस परेड**

जयपुरमा आज 78 औ सेना दिवस परेडको आयोजन हुनेछ। परेडको शुरुआत बिहान लगभग 10 बजेदेखि हुनेछ। जगतपुराको महल रोडमा सेनाले आफ्नो अनुशासन, शक्ति अनि आधुनिक सैन्य क्षमताहरुको प्रदर्शन गर्नेछ। रक्षा मंत्री राजनाथ सिंह, राजस्थानका मुख्यमंत्री भजनलाल शर्मा अनि सेना प्रमुख जनरल उपेंद्र द्विवेदी परेडमा सामेल हुनुहुनेछ। अंतिम तैयारि पुरा भएको छ अनि सुरक्षा कडा गरिएको छ। यस वर्षको यो आयोजनले विशेष महत्व राख्दछ, किनकि पहीलो पल्ट सेना दिवस परेड कुनै पारंपरिक छावनी क्षेत्र बाहिर आयोजित गरिएको हो। प्रस्तुत छ हाम्रो संवाददाताको विस्तृत रिपोर्ट:

**सोनोवाल-ओमान**

पत्तन, पोत परिवहन अनि जलमार्ग मंत्री सरबानंदा सोनोवालले मस्कटका **सुल्तान काबूस बंदरगाहमा** भारतीय नौसेनाका कौंडिन्य जहाज़ चालक दलको स्वागत गर्नुभयो। उहाँले यसलाई केवल एक यात्राको समाप्ति मात्रै होइन, तर गहिरो सभ्यतागत संबंधहरुको उत्सव बताउनु भयो| श्री सोनोवााले भन्नुभयो, ओमानको राजधानीमा पारंपरिक रूपले निर्मित यस नौकाको आगमन भारत अनि ओमान बीच इतिहासमा निहित, व्यापार अनि आपसी सम्मानले बलियो भएको अटूट मित्रताको प्रतीक हो। पोरबंदरबाट आफ्नो पहली यात्रा पुरा गरेपछि यस नौका मस्कट पुगे, जो दुई देशको साझा समुद्री विरासतमा एक महत्वपूर्ण क्षण हो।

कौंडिन्य जहाज़ले भारतको स्वदेशी समुद्री ज्ञान, शिल्प कौशल अनि टिकाऊ जहाज निर्माण प्रथाहरुलाई प्रदर्शन गर्दछ।

**अमेरिकी भिसा प्रक्रिया संशोधन**

ट्रम्प प्रशासनले ७५ देशका नागरिकका लागि आप्रवासी भिसा प्रक्रियामा अनिश्चितकालका लागि रोक लगाएको छ । प्रशासनले चिन्ता व्यक्त गर्दै भनेको छ, आवेदकहरू सरकारी सहायतामा बोझ बन्न सक्छन् र अमेरिकी कल्याणकारी कार्यक्रम र सार्वजनिक सुविधाहरूको दुरुपयोग गर्न सक्छन्। जनवरी २१ देखि लागू हुने निर्णयले विश्वभरका अमेरिकी वाणिज्य दूतावासका अधिकारीहरूलाई आप्रवासी भिसा प्रक्रिया रोक्न निर्देशन दिएको छ जबकि विभागले विद्यमान आप्रवासन कानून अन्तर्गत यसको स्क्रिनिङ र प्रमाणीकरण प्रक्रियाहरूको पुनर्मूल्यांकन गर्दछ। अमेरिकी विदेश मन्त्रालयका प्रमुख उपप्रवक्ता टोमी पिगोटले एक विज्ञप्ति जारी गर्दै ट्रम्प प्रशासनले अमेरिकी जनताको पैसा चोर्न खोज्नेहरूले अमेरिकी आप्रवासन प्रणालीको दुरुपयोग अन्त्य गर्न लागेको बताउनु भएको छ। पिगोटका अनुसार ७५ देशबाट आउने आप्रवासी भिसाको प्रक्रिया रोकिने छ । यो कदमले अफ्रिका , एसिया, मध्यपूर्व, क्यारेबियन, युरोप र ल्याटिन अमेरिकाका सोमालिया, रुस, इरान, अफगानिस्तान, पाकिस्तान, बंगलादेश, नाइजेरिया, इजिप्ट, थाइल्यान्ड र ब्राजिललाई प्रभावित पार्ने समाचार च्यानलले जनाएको छ ।

**क्रिकेट -**

राजकोटमा भएको दोस्रो एकदिवसीय क्रिकेट म्याचमा न्युजिल्याण्डले भारतलाई सात विकेटले पराजित गरेको छ । यसरी न्युजिल्याण्डले तीन खेलको सिरिजमा १–१ को बराबरी गरेको छ। टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २८४ रन बनाएको थियो । । सिरिजको तेस्रो तथा अन्तिम खेल १८ जनवरी इन्दौरमा हुनेछ ।